# GLOBAL MONEY WEEK®

## 21-27 March 2022

MBAN

Merchant Bankers Association of Nepal

नेपाल धितोपत्र बोर्ड

SEBON

SECURITIES BOARD OF NEPAL

# धितोपत्र व्यवसाय
## (Securities Business)

### धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ६३ अनुसार धितोपत्र व्यवसायको किसिमहरू:

- धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रीय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियल) सेवा,
- सामूहिक लगानी कोष व्यवस्थापन
- धितोपत्र दलाल, धितोपत्र व्यापार र बजार निर्माता
- निष्काशन तथा बिक्री प्रबन्ध, लगानी व्यवस्थापन, धितोपत्र प्रत्याभूति, लगानी परामर्श सेवा र शेयर रजिष्ट्रार (मर्चेन्ट बैंकिंग कार्य)
- धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने सम्बन्धी सेवा,
- ऐन बमोजिम बोर्डले धितोपत्र व्यवसाय भनी तोकिदिएको अन्य कार्य ।

### धितोपत्र बजारमा अन्य व्यवसायका प्रकारहरू

आस्वा सदस्य, क्लियरिंग सदस्य, योजना व्यवस्थापक तथा डिपोजिटरी, निक्षेप सदस्य, योग्य संस्थागत लगानीकर्ता, विशिष्टीकृत लगानी कोष व्यवस्थापक,

# मर्चेन्ट बैंकर
## (Merchant Bankers)

- बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमति प्राप्त कम्पनीलाई मर्चेन्ट बैंकर भनिन्छ ।
- यस्ता संस्थाहरूले धितोपत्रको प्राथमिक निष्काशन तथा बिक्री प्रबन्धको कार्य गर्ने, धितोपत्रको प्रत्याभूति गर्ने, धितोपत्रको शेयर रजिष्ट्रेशन सम्बन्धी कार्य गर्ने तथा धितोपत्र लगानी व्यवस्थापन जस्ता सेवाहरू प्रदान गर्ने गर्दछन् ।
- धितोपत्र निष्काशन गर्ने कम्पनीहरूको धितोपत्र निष्काशन तथा व्यवस्थापन गर्न सहयोग गर्ने कम्पनी ।
- नेपालमा हाल ३२ वटा मर्चेन्ट बैंकरहरू छन् ।
- कार्यको हिसावले मर्चेन्ट बैंकरहरूले ५ वटा कार्य रहेका हुन्छन्

  क) निष्काशन तथा विक्री प्रबन्धक (Issue Manager)
  ख) शेयर रजिष्ट्रार (Share Registrar)
  ग) प्रत्याभूतिकर्ता (Underwriter)
  घ) लगानी व्यवस्थापन (Portfolio Management)
  ङ) संस्थागत परामर्शदाता (Corporate Advisor)

## मर्चेन्ट बैंकरको आवश्यकता र महत्व

- निष्काशनकर्ता र लगानीकर्ता दुवैलाई धितोपत्र बजार सम्बन्धी सेवा प्रदान गर्ने,
- निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी सेवा प्रदान गरेर धितोपत्र बजारको माध्यमबाट उद्योग धन्दा तथा विकास परियोजनाका लागि आवश्यक पुँजी संकलन गर्न मध्यस्तकर्ताको रुपमा कार्य गर्ने,
- धितोपत्र प्रत्याभूतिकर्ताको हैसियतमा संगठित संस्थाले जारी गर्ने धितोपत्रको मूल्य निर्धारणमा सहयोग पुऱ्याउने साथै लगानीकर्तालाई यसरी प्रत्याभूति गरिएको धितोपत्रमा लगानी गर्न आधार प्रदान गर्ने,
- धितोपत्रका लगानीकर्ताको धितोपत्रको सुरक्षणको कार्य गर्ने, प्राप्त प्रतिफल वितरण गर्ने, नामसारी प्रकृयामा संलग्न भई धितोपत्रको दोस्रो बजार कारोवारलाई सहज गर्ने,



- सामुहिक लगानी कोष संचालन तथा लगानी व्यवस्थापन सेवाको माध्यमबाट धितोपत्र बजार सम्बन्धमा जानकारी नभएका तर धितोपत्र बजारमा लगानी गर्न चाहनेहरूको लगानी व्यवस्थापन गरिदिने ।

## प्राथमिक बजारमा मर्चेन्ट बैंकरको भूमिका

- निष्काशन तथा बिक्री प्रबन्ध कार्य गर्ने ।
- धितोपत्रको प्रत्याभुति कार्य गर्ने ।
- निक्षेप सदस्य



# प्राथमिक बजारमा सार्वजनिक निष्काशनको प्रकार

१. **प्रारम्भिक सार्वजनिक निष्काशन** (**इनिशियल पब्लिक अफरिङ Initial Public Offering-IPO**)ः

एकपटकमा पचासजना भन्दा बढी व्यक्तिहरूलाई विवरणपत्र प्रकाशन गरी बिक्री गरिने साधारण शेयर, अग्राधिकार शेयर, तथा ऋणपत्र निष्काशन आदि ।

२. **हकप्रद शेयर निष्काशन (Right Issue)**ः

संगठित संस्थाले तत्काल कायम रहेका शेयरधनीहरूलाई धितोपत्र जारी गरी पुँजी बढाउने भएमा हकप्रद निष्काशन गर्न सक्दछन्,

३. **परिपत्र विधिद्वारा निष्काशन (Private Placement Issue)**

बढीमा पचासजनासम्म लगानीकर्ताहरूलाई लक्षित गरी चिठ्ठी पत्र वा कुनै पनि विद्युतीय सञ्चार माध्यमबाट गरिने धितोपत्रको निष्काशन,

४. **बोनश शेयर निष्काशन (Bonus Share Issue)**ः

संगठित संस्थाले आफ्ना मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पुँजीकरण गरी साविकका शेयरवालाहरूलाई गरिने थप शेयर निष्काशन,

५. **धितोपत्रको थप सार्वजनिक निष्काशन (Further Public Offering-FPO) :**

धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गरी सूचीकरण भैसकेको संगठित संस्थाले आफ्नो पुँजी बृद्धि गर्नु परेमा धितोपत्रको थप सार्वजनिक निष्काशन(फर्दर पब्लिक इस्यू) गर्न सक्नेछ ।

६. **संस्थापक र अन्य समूहको शेयर सर्वसाधारणमा गरिने निष्काशनः**

धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाको चुक्ता पूँजीको कम्तीमा एक प्रतिशत साधारण शेयर ग्रहण गरेका शेयरधनीले बिक्री प्रस्ताव प्रकाशन गरी सार्वजनिक रुपमा शेयर बिक्री गर्न चाहेमा अनुसूची-१२ बमोजिमको बिक्री प्रस्ताव तयार गरी बोर्डको स्वीकृति लिई गर्ने शेयर बिक्री ।



# धितोपत्रको निष्काशन तथा बिक्री प्रवन्ध

## धितोपत्र निष्काशनः

- साधारण शेयरको सार्वजनिक निष्काशन, थप सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, वण्ड डिवेन्चर निष्काशन, म्युचुअल फण्ड निष्काशन

## धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी कार्य

- विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने
- बोर्डबाट निष्काशन अनुमति प्राप्त गर्ने कार्य गर्ने,
- निष्काशन गरिने धितोपत्रसंग सम्बन्धित सूचना तथा विवरण प्रवाह, निष्काशन खुला तथा रकम संकलन, धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी, प्रमाणपत्र वितरण तथा सूचिकरण लगायतका कार्य गर्ने

# सेयर रजिष्ट्रार

- संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरूको अभिलेख राख्ने तथा धितोपत्रहरूको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
- नामसारीका लागि प्रक्रिया पूरा गरी प्राप्त भएका धितोपत्रहरूको नामसारी गर्ने,
- धितोपत्रको स्वामित्व प्रमाणित गर्ने,
- धितोपत्रधनीहरूको अभिलेख राख्ने लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य कार्य गर्ने जिम्मेवारी शेयर रजिष्ट्रारको हुनेछ ।
- केन्द्रीय निक्षेप नियमावली लागू भै सकेको अवस्थामा नामसारी गर्ने तथा धितोपत्रको स्वामित्व प्रमाणीत गर्ने कार्य निक्षेप सदस्यले गर्दछन् ।




# धितोपत्र प्रत्याभूति

- संगठित संस्थासंग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरू बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति (अण्डरराइटिङ्ग) दिने कार्य गर्ने ।

## धितोपत्र प्रत्याभूतिकर्ताको जिम्मेवारी :

- आफूले प्रत्याभूति सेवा प्रदान गरेको धितोपत्रहरू बिक्री नभएको अवस्थामा त्यस्तो धितोपत्रहरू स्वीकार गरी धितोपत्रको मूल्य भुक्तानी गर्ने लगायत प्रत्याभूति सम्बन्धी अन्य कार्य गर्ने जिम्मेवारी धितोपत्र प्रत्याभूतिकर्ताको हुनेछ ।
- यस कार्यले प्रिमियममा धितोपत्र जारी गर्ने क्रममा धितोपत्रको मूल्य निर्धारणमा समेत सघाउ पुऱ्याउँदछ ।




*धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराईटर) ले अन्तिम लेखापरीक्षण भएको नेटवर्थको तीन गुणासम्म प्रत्याभूति (अण्डरराईटिङ्ग) गर्न सक्ने ।*

# लगानी व्यवस्थापकको कार्य

- लगानी व्यवस्थापनका लागि ग्राहकसंग सम्झौता गर्ने, ग्राहक खाता खोल्ने, सम्झौता अनुसार ग्राहकका लागि धितोपत्र खरीद बिक्री गर्ने, भुक्तानी लिने दिने लगायत लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- ठूलो रकम भएका तर लगानी व्यवस्थापनको ज्ञान नभएका वा ज्ञान भएर पनि समय दिन नसक्ने वा लगानी व्यवस्थापनको व्यवसायीक सेवा लिन चाहने लगानीकर्ताका लागि उपयुक्त हुने ।




*लगानी व्यवस्थापकले अन्तिम लेखापरीक्षण भएको नेटवर्थको १५ गुणासम्म लगानी व्यवस्थापन गर्न सक्नेछ ।*

# निक्षेप सदस्य

**निक्षेप सदस्यको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :**

(क) हितग्राहीसँग सम्झौता गरेपछि मात्र धितोपत्र खाता खोल्ने,

(ख) हितग्राही खाता खोल्नुभन्दा अगाडि बोर्ड/केन्द्रीय निक्षेप कम्पनीले निर्धारण गरेबमोजिमको लगानीकर्ता पहिचान प्रकृया पूरा गर्ने,

(ग) प्रत्येक हितग्राहीको नाममा अलग अलग खाता संचालन गर्ने र एक हितग्राहीको धितोपत्र अर्को हितग्राहीको धितोपत्रसँग नमिसाई अलग्गै राख्ने,

(घ) हितग्राहीले पेश गरेका धितोपत्रहरू विद्युतीय रूपमा परिबर्तन गर्ने र हितग्राहीले अनुरोध गरेको सात दिनभित्र निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिकहां पठाई विद्युतीय निक्षेप अभिलेखलाई भौतिक प्रमाणपत्रमा परिवर्तन गरिदिने,

(ङ) विद्युतीय रूपमा रहेका धितोपत्रहरूको विवरण राख्ने,

(च) हितग्राहीको खाताबाट धितोपत्रको हस्तान्तरण गर्दा हितग्राहीको लिखित वा विद्युतीय सूचना प्राप्त गरेपछि मात्र कार्यान्वयन गर्ने,

(छ) ग्राहक तथा अन्य मध्यस्थकर्तासँगको व्यावसायिक कारोबार गर्दा उच्चस्तरको नैतिक व्यवहार कायम राख्ने,

(ज) कानुन पालना अधिकारीलाई प्रभावकारी काम गराउनका निम्ति पर्याप्त अधिकार र स्वतन्त्रता दिने,

(झ) केन्द्रीय निक्षेप कम्पनीले तोकेबमोजिमको अवधिमा हितग्राहीलाई विद्युतीय खाताको विवरण उपलब्ध गराउने,

(ञ) बोर्ड तथा केन्द्रीय निक्षेप कम्पनीले दिएका निर्देशन, सुझाव पालना गर्ने ।

# संस्थागत परामर्शदाता

- संगठित संस्थाको संरचना हेरफेर, मुल्यांकन, व्यवसायिक योजना, लोन सिन्डिकेसन, वर्किङ्ग क्यापिटल फाइनान्सिङ्ग,
- भेन्चर क्यापिटल, प्राईभेट इक्वीटी तथा हेज फण्ड जस्ता कोष संचालन,
- सम्पत्ति व्यवस्थापन लगायतका विषयमा परामर्श सेवा प्रदान गर्ने

# योजना व्यवस्थापक तथा डिपोजिटरी

## योजना व्यवस्थापकको काम, कर्तव्य तथा अधिकार

- योजना तयार गर्ने र कोष सुपरिवेक्षकको सहमती तथा बोर्डको स्वीकृति लिई योजना संचालन गर्ने,
- सामूहिक लगानी कोषको सम्पत्ति दक्ष तथा विश्वसनिय रुपमा व्यवस्थापन तथा लगानी गर्ने,
- योजना सम्बन्धी सूचना, जानकारी तथा विवरण आवधिक रुपमा कोष सुपरिवेक्षकलाई उपलब्ध गराउने,
- सहभागीहरुको गुनासो समाधान गर्ने र कोष सुपरिवेक्षकलाई गुनासो सम्बन्धमा जानकारी गराउने,
- योजनाको धितोपत्र, रकम, व्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न डिपोजिटरीलाई निर्देशन दिने ।
- योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) गर्ने ।
- बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

## डिपोजिटरीको काम कर्तव्य तथा अधिकार


- इकाईको अभिलेख तथा नामसारी सम्बन्धी कार्य गर्ने,
- योजना अर्न्तगतको धितोपत्र सुरक्षा पूर्वक राख्ने,
- कोष अर्न्तगतको धितोपत्र, रकम, ब्याज, लाभाँश वा अन्य आम्दानी प्राप्त गर्ने र सो को अभिलेख राख्ने,
- योजना व्यवस्थापकको निर्देशन बमोजिम सहभागीहरुलाई धितोपत्र, रकम, लाभाँश वितरण गर्ने ।
- बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

# "सामूहिक लगानी कोष" म्युचुअल फण्ड के हो ?

- "**सामूहिक लगानी कोष**" भन्नाले योजना व्यवस्थापकले दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्यले धितोपत्र बोर्डबाट स्विकृत प्राप्त विवरण पत्रको आधारमा सहभागीहरुबाट सामूहिक लगानी योजनामा जम्मा गरेको रकमबाट सृजना भई आफ्नो जिम्मामा लिएको कोष वा त्यस्तो कोषसँग सम्बन्धित सम्पत्ति सम्झनु पर्छ र कोषको लगानी व्यवस्थापनबाट सृजित थप सम्पत्ति र प्रतिफलस्वरुप जम्मा भएको रकम समेतलाई जनाउँछ।
- फण्डले सर्वसाधारण लगानीकर्ताहरुबाट रकम संकलन गरी धितोपत्र औजारहरु जस्तै शेयर, बण्ड, सरकारी ऋणपत्र, तथा अन्य क्षेत्रमा लगानी गर्दछ
- लगानीबाट प्राप्त प्रतिफल पुनः लगानीकर्ताहरुलाई फिर्ता हुन्छ।



# म्युचअल फण्डको संगठनात्मक संरचना



## कोष प्रवर्द्धक

- सामूहिक लगानी कोष स्थापना गरी प्रर्वद्धन गर्ने संगठित संस्थालाई "कोष प्रवर्द्धक" भनिन्छ
- प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्ने संगठित संस्था वा बीमा कम्पनी वा विशेष ऐनद्वारा स्थापित गैर बैकिङ्ग वित्तीय संस्थाले बोर्डले ताके का अन्य आवश्यक योग्यताहरु पूरा गरी सामूहिक लगानी कोष स्थापना गर्न सक्नेछ।
- कोष प्रवर्द्धकले नेपाल धितोपत्र बोर्डमा म्युचुअल फण्ड दर्ता गर्दछ
- उदाहरणको लागि नेपाल धितोपत्र बोर्डमा सिद्धार्थ म्युचअल फण्ड दर्ता गर्ने कोष प्रवर्द्धक सिद्धार्थ बैंक लिमिटेड हुन्छ।

## योजना व्यवस्थापक

- सामूहिक लगानी कोषको रकम लगानी गर्ने व्यवस्थापकको रुपमा कार्य गर्न नियम १६ बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्थालाई **योजना व्यवस्थापक** भनिन्छ
- धितोपत्र बजार औजार तथा अन्य लगानीका क्षेत्रको विशेषज्ञता तथा जानकारी राख्ने क्षमता भएको कम्पनी
- विभिन्न योजनाका ईकाईहरु सर्वसाधारणमा विक्री गरी प्राप्त रकमलाई दक्ष रुपमा लगानी गर्ने कम्पनी
- उदाहरणको लागि कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले दर्ता गरेको एनआइबिएल म्युचुअल फण्ड अर्न्तगत योजना संचालनमा ल्याउनका लागि स्थापना गरेको योजना व्यवस्थापक एनआइबिएल क्यापिटल लिमिटेड।

## डिपोजिटरी

- म्युचअल फण्डले संचालन गर्ने योजनाहरूको ईकाईधनीको अभिलेख राख्ने, नामसारी कार्य गर्ने, योजनाले दिने लाभांश ईकाईधनीहरूलाई वितरण गर्ने आदि कार्यका लागि स्थापित संस्था
- योजना व्यवस्थापकले नै डिपोजिटरीको कार्य गर्न सक्ने
- उदाहरणको लागि सिद्धार्थ म्युचअल फण्डको डिपोजिटरीको कार्य समेत योजना व्यवस्थापक कम्पनी सिद्धार्थ क्यापिटल लिमिटेडले नै गर्दछ।

## कोष सुपरिवेक्षक

- कोष प्रवर्द्धकबाट नियुक्त भएका भिन्ना भिन्नै क्षेत्रको विशेषज्ञता भएका न्युनतम ५ जना अति विशिष्ट व्यक्तिहरूको समूह
- ईकाईधनीहरूको हित संरक्षण प्रमुख उद्देश्य रहने
- मुख्य कार्यहरूमा म्युचुअल फण्ड अर्न्तगत योजना संचालन स्वीकृत गर्ने
- योजना व्यवस्थापकबाट हुने योजना संचालन कार्यको नियमति रुपमा सुपरिवेक्षण गर्ने
- योजना संचालनका शर्तहरूको पुर्ण पालना गर्न लगाउने
- डिपोजिटरी कार्यको समेत सुपरिवेक्षण गर्ने
- योजना संचालनमा कुनै अनियमितता देखिएमा आवश्यक कारवाहीका लागि कोष प्रवर्द्धक तथा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराउने

# "सामूहिक लगानी कोष" अन्तर्गतका योजना कति प्रकारका हुन्छन् ?

- म्युचुअल फण्ड अर्न्तगत संचालन हुने योजनाहरु मुख्य रुपले दुई प्रकारका हुन्छन्
  - बन्दमुखी योजना
  - खुलामुखी योजना
- योजनाले गर्ने लगानीको क्षेत्र, लगानी जोखिम, यसको लक्षित प्रतिफल आदिका आधारमा यी योजनाहरुलाई अन्य विभिन्न प्रकारमा परिभाषित गर्न सकिन्छ

# बन्दमुखी सामूहिक लगानी कोष (Close-end Scheme)

- लगानीकर्ताहरूले चाहेको समयमा बजार मूल्य (Market Price) मा खरिद तथा बिक्री गर्न सकिने।
- इकाईको मूल्य निर्धारण बजारको माग र आपूर्तिको आधारमा हुने।
- इकाईहरूको सुचिकृत भइ दोस्रो बजार अन्तर्गत शेयर बजार मार्फत कारोबार हुने।
- योजना परिपक्कता समय अवधि (Maturity Time) निशिचत हुने।
- योजनाको परिपक्कता समय अवधि (Maturity Time) निशिचत हुने र यस समयसम्मका लागि मात्र लगानी गर्न सकिने।

## खुलामुखी सामूहिक लगानी कोष (Open-end Scheme)

- लगानीकर्ताहरूले चाहेको समयमा कोषको खूद सम्पत्ति मूल्य (NAV) मा खरिद तथा बिक्री गर्न सकिने ।
- इकाईको मूल्य निर्धारण बजारको माग र आपूर्तिको आधारमा नभई खूद सम्पत्ति मूल्यको आधारमा हुनेछ ।
- इकाईहरूको सुचिकृत नहुने तथा दोस्रो बजार मार्फत नभई योजना व्यवस्थापक तथा योजना व्यवस्थापकले तोकेको अन्य बितरकहरूबाट कारोबार हुने ।
- अल्पकालिन तथा दीर्घकालीन लगानी योजनाको रुपमा लगानी गर्न सकिने ।
- योजनाको परिपक्कता समय (Maturity Time) नतोकिने तथा निरन्तर प्रकृतिको हुने ।

# MEMBERS

NIBL ACE Capital Limited

Mega Capital Markets Limited

KCL Astute Capital Limited

NMB Capital Limited

Civil Capital Market Limited

Sunrise Capital Limited

B.O.K Capital Market Limited

Nabil Investment Banking Limited

Global IME Capital Limited

Nepal Bangladesh Capital Limited

HImalayan Capital Limited

Kumari Capital Limited

Machhapuchchhre Capital Limited

Nepal SBI Merchant Banking Limited

National Merchant Banker Limited

Century Capital Markets Limited

Muktinath Capital Limited

Citizen Investment Trust

Laxmi Capital Market limited

Sanima Capital limited

Prabhu Capital Limited

Siddhartha Capital Limited

RBB Merchant Banking Limited

NIC Asia Capital Limited

CBIL Capital Limited

MBAN

Merchant Bankers Association of Nepal

**Contact Address:**
Merchant Bankers Association of Nepal
Kathmandu, Nepal | e-mail: info@mban.com.np